नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४७) काठमाडौं,माघ ६ गते२०५४साल (पूर्वातिरिक्ताङ्क५२ (क+१)

भाग ३

श्री ५ को सरकार

स्थानीय विकास मन्त्रालयको

सूचना १

श्री ५ को सरकार (मन्त्रिपरिषद्) को मिति २०५४।१०।६ को निर्णयानुसार इलाम जिल्लाअन्तर्गत बाँझो गाउँ विकास क्षेत्र र चुलाचुली गाउँ विकास क्षेत्र तोकी वडा समेत विभाजन गरिएकोले गाउँ विकास समिति ऐन, २०४८ को दफा ६ बमोजिम उल्लिखित प्रत्येक गाउँ विकास समितिको प्रत्येक वडामा एक जना वडाध्यक्ष, एक जना महिला वडा सदस्य, तीन जना वडा सदस्य र सोही ऐनको दफा ११ को उपदफा (२) को खण्ड (क) बमोजिम उक्त प्रत्येक गाउँ विकास समितिमा एक जना अध्यक्ष र एकजना उपाध्यक्ष पदको निर्वाचन सम्पन्न गराउनु पर्ने भएकोले स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा १३ को उपदफा (१) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9326